# कथाहरू

## पाठ २ साना बालबालिकाहरू र गैर-नपढ्नेहरूको निम्ति

library NEPAL

कथाको सुरु, मध्य र अन्त्य हुन्छ। हामीले सबै शब्दहरू पढ्न सकेनौँ भने पनि तस्बिरहरू र अन्य संकेतहरूले हामीलाई कथा केको बारेमा रहेछ भन्ने कुरा बताउँछन्। यो सत्रमा, तपाईंले कथालाई ठिक क्रममा मिलाउनुहुनेछ र आफ्नै नयाँ कथा बनाउनुहुनेछ!

१. दुईजनाको समूहमा काम गर्नुहोस्। यहाँ केही तस्बिरहरू दिइएका छन् जसले कथा भन्छन्। यसको सुरु, मध्य र अन्त्य छ, तर तिनीहरू गलत क्रममा मिलाइएका छन्। तस्बिरहरूलाई ठिक क्रममा मिलाउनुहोस्।



तपाईंको समूहलाई तार्किक क्रममा भइरहेका घटनाको बारेमा सोच्न प्रोत्साहन गर्नुहोस्।

२. के यी चित्रहरू फरक क्रममा मिलाउन सकिन्छ? यसो गर्दा कथामा कस्तो परिवर्तन आउँछ? तपाईंका विचारहरूलाई समूहमा छलफल गर्नुहोस्।

३. चित्रहरूको आधारमा तपाईंको समूहमा एउटा कथा बनाउनुहोस्। हरेक व्यक्तिले पालैपालो कथाको एक वाक्य भन्नुहोस्।

प्रत्येक विद्यार्थीलाई तल दिइएका प्रश्नहरूमध्ये एउट प्रश्न सोध्न सक्नुहुन्छः

- पात्रहरूको नाम के हो?
- के हात्तीको नाम हुन्छ?
- तिनीहरू कहाँ गइरहेका छन्?
- के अरू पात्रहरू पनि छन्?
- पात्रहरूले कस्तो महसुस गर्छन्?

elektra media Published by Elektra Media Ltd

Istambha Nepal